## ७. मदिरासम्बन्धी व्यवस्था

**१. उचित भण्डारणको व्यवस्था नगरेको कारणले सखर वा मोलासिस नोक्सानी भएकोमा मिन्हा हुन्छ कि  हुँदैन ?**

*उत्पादकले उपयुक्त भण्डारणको व्यवस्था नगरेको कारण सख्खर तथा मोलासिसको हानी नोक्सानी भएकोमा त्यसको लाग्ने अन्तःशुल्क मिन्हा हुँदैन र असूलै गर्नु पर्छ ।*

**२. चिनि वा खाडसारी उद्योगले के कस्तो अभिलेख राख्नु पर्छ ?**

*सख्खर वा मोलासिस उत्पादन गरे पछि दैनिक रुपमा भएको त्यस्तो उत्पादन र बिक्रीको हिसाब अनुसूची १२ बमोजिमको ढाँचामा अद्यावधिक गरी मासिक रुपमा कार्यालयमा प्रतिबेदन पेश गर्नु पर्नेछ ।*

**३. मोलासिस निकासी गर्दा के गर्नु पर्दछ ?**

*निकासी गर्ने अनुमति माग गर्दा निकासी गर्ने भंसार बिन्दू उल्लेख गरी निकासीकर्ता र पैठारी गर्नेको संझौता र भारतीय अन्तःशुल्कको स्वीकृति लिएको प्रमाण, निकासी गर्ने परिमाण र मोलासिसको हुने अन्तःशुल्क तिरेको प्रमाण समेत साथै राखि  निकासीको लागि कार्यालयमा माग गर्नु पर्छ ।*

**४. स्प्रिटलाई डिनेचर्ड वनाउनु पर्दा पूर्ब स्वीकृति लिनु पर्छ कि पर्दैन ?**

*लिनु पर्छ ।*

**५. पेट्रोलमा मिसाउन उत्पादन गरेको इथानोल बिक्री गर्दा के गर्नु पर्ला ?**

*नेपाल सरकार वा नेपाल आयल निगमबाट स्वीकृति प्राप्त निकायलाई मात्र एनहाईड्रस  ईथानोलमा कम्तिमा दुई प्रतिशत पेट्रोल मिसाउने गरी निष्कासन गर्न कार्यालयले स्वीकृति दिए  पछि मात्र बिक्री गर्नु पर्नेछ ।*

**६  मदिरा उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ के के हुन् ?**

*मोलासिस, सख्खर, अन्न, फलफुल वा कुनै पनि स्टार्च युक्त बस्तु तथा मर्चा कच्चा पदार्थको रुपमा प्रयोग गरी मदिरा उत्पादन गरिन्छ ।*

**७. मदिरा तयार गर्दा स्प्रिट बाहेक अन्य बस्तु मिसाउन हुन्छ कि हुँदैन ?**

*हुन्छ । अन्न, फलफुल, माल्ट वा त्यसका एसेन्स स्प्रिटमा मिसाई ब्लेण्डिंग गरी बिभिन्न प्रकारका  मदिरा तयार गरिन्छ ।*

**८. डिष्टिलरीले आफ्नो उत्पादन खुल्ला रुपमा वा जेरिकनहरूमा बिक्री गर्न हुन्छ कि हुँदैन ?**

*हुँदैन, बोतल बन्दी गरी मात्र बिक्री गर्नु पर्छ ।*

**९. मदिरा उत्पादन प्रकृया सकिए पछि मदिरा वन्दी बोतलहरूमा के कस्तो व्यहोरा अंकित भएको लेवल टाँस्नु पर्छ ?**

*बोतलमा पदार्थको नाम, अल्कोहलको मात्रा, व्याच नम्बर वा कोड संख्या, उत्पादकको नाम र ठेगाना, कूल आयतन (मि.लि.मा), उत्पादन मिति आदि उल्लेख गरिएको लेबुल टाँस गर्नु पर्छ ।*

**१०. व्याच र सिलसिलेवार नंबर उल्लेख नभएको मदिरा निष्कासन गरेमा के हुन्छ ?**

*मदिरा उत्पादन प्रक्रिया सकिएपछि मदिरा राखेको प्रत्येक बोतलमा ब्याच र सिलसिलेवार नंबर लेबुलमा अनिबार्य उल्लेख गर्नु पर्छ उल्लेख नगरेमा अबैध मदिराको कारोबार गरेको मानिन्छ ।*

**११. मदिराको लागि चाहिने कच्चा पदार्थहरूको संरक्षण कसरी गर्नु पर्छ ?**

*मदिरा उत्पादन गर्ने ईजाजतपत्रवालाले मोलासिस, स्प्रिट लगायतका कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध गर्नु पर्छ ।*

**१२. मदिरा र बियरको बोतलमा टाँस हुने अन्तःशुल्क टिकटको सट्टा पट्टा वा क्षतिपूर्ति वा जर्ति मिन्हा हुन्छ कि हुँदैन ?**

*सट्टा पट्टा बा क्षतिपूर्ति वा मिन्हा हुँदैन ।*

**१३. मदिराको आकार वा गुणस्तर वा दुबै परिबर्तन गर्नु परेमा के गर्नु पर्छ ?**

*आन्तरिक राजस्व बिभागबाट स्वीकृति लिनु पर्छ ।*

**१४. नयाँ ब्राण्डको मदिरा उत्पादन गर्नु पर्दा स्वीकृति लिनु पर्छ कि पर्दैन ? पर्छ भने कहाँबाट स्वीकृति लिनु पर्दछ ?**

*उत्पादन गर्नु पूर्बनै आन्तरिक राजस्व बिभागबाट स्वीकृति लिनु पर्छ ।*

**१५. मदिरा उत्पादन गर्दा कुनै प्रकारको प्रतिलब्धी दर कायम भएको छ कि छैन ?**

*ई.एनं.ए.उत्पादन गरेको प्रत्येक महिनाको चुलाईमा प्रति क्विण्टल मोलासिसवाट न्यूनतम ६५ ओ.पी शक्तीको कम्तिमा २० लिटर रेक्टीफाईड स्प्रिट वा १९ लिटर ई.एनं.ए.उत्पादन गर्नु पर्ने र एनहाईड्रस ईथानोल उत्पादन गर्दा प्रत्येक महिनाको चुलाईमा न्यूनतम ७२ ओ.पी. शक्तिको कम्तिमा १९ लिटर ईथानोल उत्पादन गर्नु पर्ने गरी प्रतिलब्धी दर कायम गरिएको छ । त्यसै गरी १०० लिटर रेक्टिफाईड स्प्रिटबाट ई.एन.ए. बनाउँदा न्यूनतम ९५ लिटर प्रतिलब्धी हुनु पर्छ । त्यस्तै अन्नबाट उत्पादन गरिने रेक्टिफाईड स्प्रिटबाट प्रति क्विण्टल ६८.८ ओ.पी. शक्तीको कम्तिमा ३०.५७ लिटर ई.एन.ए.उत्पादन गर्नु पर्छ ।*

**१६. डिष्टिलरी उद्योगहरूमा निरीक्षण पुस्तिका राख्नु पर्नाको कारण के हो ?**

*अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले डिष्टिलरी वा ब्रुअरी निरीक्षण गर्दा निरीक्षण मिति, समय र मदिरा उत्पादन प्रकियाका सम्बन्धमा देखिएका त्रुटी आदि कुराहरू लेख्नु पर्ने प्रयोजनका लागि निरीक्षण पुस्तिका राख्नु परेको हो ।*

**१७. मदिराको हिसाब कसरी राख्नु पर्छ ?**

*मदिरा उत्पादन गर्ने ईजाजतवालाले मोलासिसबाट चुहान भएको मदिराको परिमाण र शक्ति समेत खुलाई अनुसूची १० र मदिरा बिक्री र सो बाट प्राप्त हुने अन्तःशुल्कको फँटवारी अनुसूची ११ बमोजिमको ढाँचामा बिबरण बनाई राख्नु पर्छ । साथै मदिरा बनाउन प्रयोग गरेको अन्न र फलफूलको हिसाब राखी त्यसबाट उत्पादन भएको मदिराको बिबरण तयार गरी प्रमाणित गराई राख्नु पर्छ ।*

**१८ तयारी मदिरा सुरक्षित साथ भण्डारण गरी राख्ने जिम्मा अन्तःशुल्क निरीक्षकको हो कि कारखाना धनीको ?**

*कारखाना धनिको हो ।*

**१९. मौजदातमा रहेको मदिरा बिभिन्न कारणबाट कमी हुन गएमा त्यस्तो कमीको मिन्हा के कसरी दिने व्यवस्था छ ?**

*मदिरा उत्पादन गर्ने ईजाजतवालाले आफूसंग रहेको मदिराको मौजदातमा वाष्पिकरण, दुर्बोधिकरण, चुहावट वा बोतलबन्दी गर्दा कमी हुन आएमा सो कमी परीमाण मास्केवारी बिबरणमा उलेख गरी मिन्हाको लागि कार्यालयमा पेश गर्नु पर्छ र सो पेश भएको बिबरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिन भित्र जाँच गरी मौज्दातमा भएको कमीको मनासिब माफिकको कारण भएमा कमी हुनाको कारण स्पष्ट उल्लेख गरी अन्तःशुल्क अधिकृतले दुई प्रतिशत सम्म मौजदात कमी मिन्हा दिन सक्नेछ ।*

**२०. मदिरा निष्कासन गर्दा कति प्रति निष्कासन माग फारम भर्नु पर्छ ?**

*चार प्रति निष्कासन माग फारम भर्नु पर्छ ।*

**२१. निष्कासन माग फाराम ४ प्रति भरिसके पछि निष्कासन अनुमतिका लागि कहाँ पेश गर्नु पर्छ ?**

*निष्कासन स्वीकृतिका लागि अन्तःशुल्क अधिकृतकोमा पेश गर्नु पर्छ ।*

**२२. निष्कासन गरिने मदिराको हुने अन्तःशुल्क रकम निष्कासन गरेपछि दाखिला गर्नु पर्ने हो कि निष्कासन पूर्बनै दाखिला गर्नु पर्छ ?**

*निष्कासन पूर्वनै अन्तःशुल्क रकम दाखिला गरी सोको प्रमाण माग फारम साथ राख्नु पर्छ ।*

**२३. चार प्रति निष्कासन माग फारम कहाँ कहाँ पठाउनु पर्ने हो ?**

*पहिलो प्रति निष्कासन भएको बस्तु साथ पठाउने, दोश्रा प्रति कार्यालयमा राजस्व असूलीको लागि पठाउने, तेश्रो प्रति ईकाई कार्यालयमा र चौथो प्रति सम्बन्धित बिक्रेता वा प्रतिष्ठानमा राख्ने पर्दछ ।*

**२४. मदिरा बिक्री बितरण कस्ता लाई गर्नु पर्छ ?**

*मदिरा बिक्री गर्दा मदिरा खरीद बिक्री गर्ने ईजाजत प्राप्तकर्ता लाई मात्र गर्नु पर्छ । त्यसरी बिक्री गर्दा ईजाजतपत्रमा उल्लेख भएका शर्तको अधिनमा रहेर मात्र बिक्री गर्नु पर्नेछ । बिदेशबाट पैठारी गरिएको मदिराको हकमा कर मुक्त लेखिएको मदिरा बिक्री गर्ने स्वीकृत प्राप्त गरी खोलिएको कर मुक्त पसल वा वण्डेड वेयर हाउस वाहेक अरुले बिक्री गर्न पाउने छैन ।*

**२५. अबैध मदिरा भन्नाले कस्तो प्रकारको मदिरालाई जनाउँछ ?**

*बिना ईजाजतपत्र उत्पादन गरिएको मदिरा, टाँस गर्नु पर्ने अन्तःशुल्क टिकट टाँस नगरीएको मदिरा तथा अर्काको ब्राण्डको नक्कल गरी उत्पादन गरिएको मदिरा अबैध मदिरा हो । त्यसरी उत्पादन गरिएको मदिरा ओसार पसार गर्ने, थन्काई राख्ने तथा बिक्री बितरण गर्ने कार्य समेतलाई अबैध मदिराको कारोबार गरेको मानिन्छ ।*

**२६. अन्तःशुल्क टिकट टाँस नगरीएको मदिरा बन्दी बोतल बिक्री बितरण गरेको भेटिएमा के कस्तो कारबाही हुन्छ ?**

*अबैध मदिराको कारोबार गरेको मानि कारबाही गरिन्छ ।*

**२७. अबैध मदिरा नियन्त्रण गर्ने कार्य कुन निकायले गर्दछ ?**

*अबैध मदिरा नियन्त्रण गरी नियमन गर्ने कार्य अबैध मदिरा नियन्त्रण समिति तथा आन्तरिक रालस्व कार्यालयहरू, राजस्व अनुसन्धान बिभाग समेतले गर्दछ ।*

**२८. स्वदेशमा उत्पादन भएको मदिराको बिक्री मूल्य उल्लेख गर्नु पर्दछ कि पर्दैन ?**

*मदिरा, बियर तथा चुरोट उत्पादन गर्ने ईजाजतपत्रवालाले बितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्बजनिक गरी आफूले उत्पादन गरेको बस्तुमा अधिकतम खुद्रा मूल्य अंकित गर्नु पर्नेछ ।*

**२९. मदिरा उत्पादन गर्ने स्थलमा कुनै किसिमको दुर्घटना भएमा सो को जानकारी ईजाजतपत्रवालाले कार्यालयमा नदिएमा के हुन्छ?**

*दुर्घटना भएको कुराको सूचनाको जानकारी यथाशिघ्र नदिएमा सो दुर्घटनाबाट हुन गएको अन्तःशुल्क सम्बन्धी हानी नोक्सानी ईजाजतपत्रवालाले नै व्यहोर्नु पर्नेछ । तर एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्दा दुर्घटना भई त्यस्तो बस्तु नोक्सानी भएकोमा सो बस्तुको वीमा गराएको रहेछ र सोको क्षतिपूर्ति प्राप्त भएको हदसम्म हुन गएको अन्तःशुल्क सम्बन्धी हानी नोक्सानी व्यहोर्नु पर्ने छैन ।*